# खाँडाचक्र नगरपालिकाको
# स्थानीय राजपत्र प्रकाशन ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, ऐन तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्ने कानुनी ब्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानिय सरका सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम खाँडाचक्र नगरसभाबाट यो जारि गरि लागू गरेको छ ।

भाग– १

## प्रारम्भिक

१. **ऐनको नाम**: यस ऐनको नाम राजपत्र प्रकाशन ऐन, २०७८ रहेको छ ।

२. **ऐन लागू हुने**: यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

भाग– २

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरू**: स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषय वस्तुलाई अनुसूची–१ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचा**: स्थानीय राजपत्रको ढाँचा अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था**: स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६

साललाई २) कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्याः**

(१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्ष भरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषय वस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग–१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, ऐन, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिम सम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः** स्थानीय राजपत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा 'आज्ञाले' भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग– ३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः**

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

**१०. प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:**

(१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा वा एकाइमा पठाईनेछ ।

**११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:**

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिकरुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

**१२. नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने:** नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा अनिवार्य उपलब्ध गराउनुपर्नेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगरपालिका वा नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग वा महाशाखा वा शाखा, र

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय ।

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:**

(१) नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको

वेभसाइटमा छुट्टै खण्ड (अलग शीर्षक) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

(२) यसरी बेभसाइटवाट प्रकाशन गर्दा ऐन, नियमावली, कार्यविधी लगायतको फकर फरक कोलम वा भाग छुट्‌टाई बर्णानुक्र मिलाई प्रकाशन गर्नु पर्नेछ ।

१४. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः

(१) प्रकाशित स्थानीय राजपत्र नगरपालिकाका वडाहरू र स्थानीयतहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) **बार्षिक सदस्य बनाई बिक्री गर्दा** : वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/– (पाँच सय नब्बे मात्र)

(ख) **खुद्रा बिक्री गर्दा**ः स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एक प्रतिको रु. ५ मात्र
- ९ देखि २४ पेजसम्म एक प्रतिको रु. १० मात्र
- २५ देखि ४० पेजसम्म एक प्रतिको रु. १५ मात्र
- ४१ देखि ५६ पेजसम्म एक प्रतिको रु. २० मात्र
- ५७ देखि ७२ पेजसम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पेजसम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने**ः स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **ऐनको व्याख्या**ः यस ऐन को कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगरकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊ**ः यो ऐन लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, ऐन वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ र यस ऐनले व्यवस्था गरे अनुकुल नभएको भए यस ऐन बमोजिम ब्यवस्थापन गर्नु पर्नेछ ।

## अनुसूची–१
(दफा ३ सँग सम्बन्धित)

### स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरू

### भाग–१
यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभा का नियमहरू प्रकाशन गरिनेछ ।

### भाग–२
यस भागमा नगर र नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, ऐन, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

अनुसूची- २
(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**खाँडाचक्र नगरपालिकाकाद्वारा प्रकाशित**

# स्थानिय राजपत्र

खण्ड : संख्या : मिति : २०७८।१०।०६

खाँडाचक्र नगरपालिकाको
स्थानीय राजपत्र प्रकाशन ऐन, २०७८

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय,**
कर्णाली प्रदेश, नेपाल
मान्म कालिकोट

अनुसूची- २
(दफा ४ तथा अनसूची- १ को भाग- २ सँग सम्बन्धित)

**खाँडाचक्र नगरपालिका**

**स्थानिय राजपत्र**

खण्डः .......    संख्याः .......    मितिः ..../..../....

भाग–२
खाँडाचक्र नगरपालिका
कार्यपालिकाबाट जारी नयमावली, निर्देशिका, ऐन, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत